# विजय विकास स्रोत केन्द्र

**गैंडाकोट-८, नवलपरासी**

**२८ औं साधारण सभा तथा १८ औं अधिवेशनमा प्रस्तुत**
**प्रतिवेदनहरू**
**१६ कार्तिक, २०७०**

**स्थान :**
**चेतना सदन**
**गैंडाकोट-८, नवलपरासी**

# सुचि


- सञ्चालक समितति, सल्लाहकार समिती र लेखा परिक्षकका नामावली पेज नं
- अध्यक्षको कलमबाट पेज नं.
- २८औ साधारण सभाका कार्यक्रमहरु पेज नं.
- आ.ब. २०६९/०७०को प्रगति प्रतिवेदन पेज नं.
- यस अवधीका केही महत्वपुर्ण निर्णयहरु पेज न..
- आ.ब. २०७०/०७१का लगि प्रस्तबित नीति तथा कार्यक्रहरु पेज नं.
- आ.ब. २०६९/०७०को आर्थिक प्रगति प्रतिवेदन र २०६९/०७० को प्रस्तबित आर्थिक कार्यक्रम पेज नं.
- लेखा परिक्षण प्रतिवेदन पेज नं.
- हाल कार्यरत कर्मचारीहरु पेज नं.
- सदस्यहरुको नामावली पेज नं.
- यस अवधीमा तालीम लिने जनशक्तीहरुको बिवरण पेज नं.
- यस अबधीमा तालीम दिन स्रोत ब्यक्तीहरुको बिवरण पेज नं.
- पत्र पत्रिकामा प्रकाशित केही झलकहरु पेज नं


धन्यवाद

## वर्तमान कार्य समिति

| क्र.सं. | पद | नम |
|---|---|---|
| १. | अध्यक्ष | श्री नारायण सापकोटा |
| २. | उपाध्यक्ष | श्री लक्ष्मी कडेल (गौतम) |
| ३. | सचिव | श्री माधबप्रसाद पौडेल |
| ४. | कोषाध्यक्ष | श्री गंगाधर सापकोटा |
| ५. | सह-सचिव | श्री तुलसी प्रसाद पौडेल |
| ६. | सदस्य | श्री खड्ग जङ्ग गुरुङ्ग |
| ७. | सदस्य | श्री बसन्तराज लम्साल |
| ८. | सदस्य | श्री फेमिला सापकोटा |
| ९. | सदस्य | श्री जीवनकुमारी पञ्जियार |
| १० | सदस्य | श्री विश्वप्रकाश सापकोटा |
| ११ | सदस्य | श्री कृष्ण सापकोटा |
| १२ | सदस्य | श्री तारा थनेत परियार |
| १३. | पदेन सदस्य (नि.अ.) | श्री खेमराज सापकोटा |

## सल्लाहकार समिति

| | | |
|---|---|---|
| १. | संयोजक | श्री इन्द्रराज ज्योति पौडेल |
| २ | सदस्य | श्री तिलकप्रसाद सापकोटा |
| ३ | सदस्य | श्री ओमप्रसाद सापकोटा |
| ४ | सदस्य | श्री वासुदेव न्यौपाने |
| ५ | सदस्य | श्री द्रोण वन सन्यासी |

**लेखापरीक्षक** :

चार्टर्ड एकाउण्टेण्ट : श्री सुदिन गिरी

# अध्यक्षको कलमबाट .....................

नारायण सापकोटा
अध्यक्ष

युवा शक्तिलाई सामाजिक विकासको बाटोमा ल्याउने पहलका साथ आज भन्दा ३४ वर्ष अगाडी यस संस्थाले स्थापना पश्चात आफ्ना कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्दै आई रहेको छ । संस्थागत विकासका विभिन्न चरणमा संस्थाका नीति, कार्यक्रम, रणनीतिहरु समय सापेक्ष परिवर्तन गर्दै हालको अवस्था सम्म आई पुगेको छ । संस्कुती संरक्षण , खेलकुद तथा उद्धारका कार्यक्रमवाट शुरु भएका हाम्रा प्रयासहरु तिनीहरुको निरन्तरताको साथै संस्थागत प्रवर्द्धन र सुद्ढीकरण ,सुशासन ,शिक्षा,स्वास्थ्य ,अधिकार संरक्षण गरिवी न्यूनीकरण आदिमा केन्द्रित रहि अगाडी बढेको अवस्था छ ।

संस्था स्थापनाको तीन दशक लामो यस अवधीमा संस्थाले आफ्नो उद्देश्य अनुसार विभिन्न वर्ग, क्षेत्र, सामाजिक परिवेश कार्य गरेर आफ्ना विशिष्ठ सिकाईहरु हासिल गरेको छ । संस्थागत रुपमा यस संस्थाले आर्जन गरेको साखलाई विस्तारको लागी यसका हरेक सदस्य समर्पित हुनु आजको आवश्यकता हो । संस्थागत विकास विना दीगो विकास हुन सक्दैन भन्ने मान्यताका साथ यस संस्थाले प्रवर्धन गरेका विकु बचत तथा ऋण सहकारी संस्था लि.,विजय सामुदायिक शिक्षा सहकारी संस्था लि.,विजय सामुदायिक सुचना तथा सञ्चार सहकारी संस्था लि., र विजय लघु वित्त वित्तिय संस्था लि., ले समुदायमा आ-आफ्नो भिन्न पहिचान स्थापित गर्न सक्षम भएका छन् । विजय विकास स्रोतको तर्फवाट प्रर्वधित यी संस्थाहरुलाई निरन्तर सहयोग भैरहने छ ।

प्रवर्धित संस्थाहरु र विजय विकास स्रोत केन्द्रका कार्यक्रमहरु समन्वयात्मक रुपमा अगाडी बढाउन विजय परिवार (Vijaya Group of Institutions) को अवधारणालाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

संस्थाका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउनको लागी सञ्चालक समितिका छलफल तथा सदस्य अन्तरक्रियावाट प्राप्त सुझावहरु समेत मध्य नजर गरी यस वर्ष कार्यक्रमहरु तय गरिएका छन र यसको सफल कार्यान्वयनका लागी आ-आफ्नो स्थानवाट सहयोग पुऱ्याउन सम्पुर्ण सदस्यज्यूहरु प्रति अनुरोध गर्दछु ।

संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नका लागी विभिन्न गैरसरकारी संघसंस्थाहरु , सरकारी निकाय, नागरिक समाज संग हातेमालो गर्दै अगाडी बढाउन प्रयत्न गरिने छ । बिभिन्न कार्यतन्त्रहरुको स्थापनामासहयोग सहभागिता गरिनेछ । अन्त्यमा संस्थाको संस्थागत विकास तथा कार्यक्रमहरुको सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सरकारी निकाय, दातृ संस्था, सहयोगीहरु, सदस्य , कर्मचारी तथा शुभ चिन्तकहरु, कार्यसमितिका सहकार्य साथीहरु, संल्लाहकार समितिका पदाधिकारीज्यूहरु साथै सम्पुर्ण सहयोगी संघसस्था र व्यक्तिहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु

# विजय विकास स्रोत केन्द्र

**गैंडाकोट-८, नवलपरासी**

**१६ कार्तिक, २०७०**

**२८ औं साधारण सभा तथा १८ औं अधिवेशनका कार्यक्रमहरु**

१. उपस्थिति तथा नाम दर्ता

२. कार्यक्रम समुद्घाटन

३. आ.व. २०६९/७० को वार्षिक प्रगति प्रतिवेन प्रस्तुत, छलफल तथा पारित

४. आ.व. २०६९/७० को वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित

५. आ.व. २०७०/७१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत, छलफल तथा पारित

६. आ.व. २०७०/७१ को वार्षिक बजेट प्रस्तुत, छलफल तथा पारित

७. लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा

८. निर्णय प्रमाणितका लागि प्रतिनिधि चयन

९. विविध

१०. मन्तव्य तथा पुरस्कार वितरण

११. धन्यवाद मन्तव्य सहित साधारण सभा समापन

१२. १८औं अधिवेशन सत्रको कार्यक्रम शुरु

# विजय विकास स्रोत केन्द्र

## प्रगति प्रतिवेदन (आ.व. २०६९/०७०)

-माधबप्रसाद पौडेल
सचिव

विजय विकास स्रोत केन्द्रको २८ औं साधारण सभाका अध्यक्षज्यू, संस्थाका भू.पू. अध्यक्षज्यूहरू, श्रद्धेय सदस्यज्यूहरू, आजीवन सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू, वर्तमान कार्यसमितिका पदाधिकारी, शुभचिन्तकहरू तथा कर्मचारी साथीहरू ।

यस विजय विकास स्रोत केन्द्रले आफ्नो ३४ वर्षको अनुभवबाट केही विशिष्ट सिकाईहरू तथा उपलब्धिहरू हासिल गर्न सक्षम भएको छ । विकास प्रक्रियामा यी सिकाई र उपलब्धिलाई व्यवहारमा प्रयोग गर्दै संस्था अझ परिमार्जित र विशिष्टीकरण तर्फ लाग्न आवश्यक छ । गैर सरकारी संस्थाहरूको द्रुततर संख्यात्मक बृद्धिका बीचमा आफ्नो अलग पहिचान बनाउन हामी केही हदसम्म सफल भएका छौं भन्ने लाग्दछ । गैर सरकारी संस्थाहरूमा पारदर्शिताको कमी र विपन्न समुदायमा पुग्न नसकेको भन्ने आरोपहरू लाग्ने गरेका छन् । यस परिप्रेक्षमा हामीले गरेका प्रयास र प्राप्त प्रकृयाहरूले यी आरोपलाई हाम्रो सन्दर्भमा निराधार तुल्याउन सकेको छ । यद्यपि हामीले आफ्नो आचार संहिता आफै तयार गर्ने र आत्मअनुसाशन पालन गर्नु हाम्रो कर्तव्य हो ।

वर्तमान अवस्थामा विकासको परिभाषालाई परिमार्जन गर्दै समुदायस्तरमा शान्ति कायम गरी गरिबी न्यूनीकरण गर्दै जनताका आधारभूत आवस्यकता र अधिकारहरूको ( गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, भौतिक पूर्वाधार, शुसासन तथा पारदर्शीता, जनचेतना, युवाहरुको परिचालन आर्थिक उन्नतीको सु-निश्चितताको लागि वातावरणीय सन्तुलनलाई कायम राख्दै सबै स्रोतहरूमा जनताको पहुँच र नियन्त्रण, समावेशीकरण र आत्मसम्मानको रक्षा गर्दै गुणस्तरीय एवम् सुखी र खुसी जीवनयापन गर्न सक्ने अवस्थामा पुग्ने निरन्तर प्रकृया नै विकास हो भन्ने बुझाई विजय विकास स्रोत केन्द्रको रहेको छ । संस्थाले सम्पादन गर्ने सबै प्रकारका कामहरू यही बुझाइबाट अभिप्रेरित रहन्छन् ।

यस वर्ष बाल मैत्रि स्थानिय शासन कार्यक्रम (CFLG), सामाजिक परिचालन कार्यक्रम (LGCDP) र सुशासनका लागि सामाजिक उत्तरदायित्व (SAGG) गरी ३ वटा परियोजनाहरू Phase out भए भने सार्वजनिक सेवा सुदृढीकरणका लगि स्थानिय निकायको सवलीकरण (ELAPSE) कार्यक्रम , सुचनाको हक (RTI) कार्यक्रम र सामाजिक जवाफदेहीता प्रर्वद्धनको लगि EVENT परियोजनाको क्षमता अधिबृद्धि (MAP) कार्यक्रम गरी ३ वटा नयाँ योजनाको थालनि गरिएको छ । संस्थाले काम गर्ने क्रममा विगतमा संस्थाले गर्दै आएका कार्यक्रममा थप परिमार्जन र परिस्कृत गर्दै निरन्तरता दिइनै रह्यो । विकासका नयाँ-नयाँ प्रयोग र अवधारणासँग परिचित हुँदै सोही स्तरमा सम्पर्क, समन्वय र कार्यगत सहयात्रा गर्दै अगाडि बढिरह्यौं फलस्वरुप सिकाइको पाटोमा नयाँ आयाम थपिनगई संस्थागत साखमा बृद्धि भएको महसुस गरिएको छ ।

गत वर्ष सम्पन्न संस्थाको १७ औं अधिवेशनबाट यहाँहरूले हामीलाई दुई वर्षको लागि दिनु भएको जिम्मेवारीको यो दोस्रो तथा अन्तिम वर्ष व्यवहारिक तथा नीतिगत रुपमा इमान्दारिताका साथ पूरा गरे जस्तो हामीलाई लागेको छ । जसको अनुमोदन आजको यस गरिमामय सभाबाट हुनेछ भन्ने आशा लिएका छौं ।

आज संस्थाको २८ औं गरिमामय साधारण सभामा उपस्थित भएर वर्षभरी गरेका गतिविधिहरूलाई समेटेर तयार गरिएको प्रतिवेदन सुनाउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यो घडीमा संस्थालाई यस अवस्थामा ल्याई पुर्‍याउन महत्वपूर्ण योगदान पुर्‍याउने हुने संस्थापक सदस्यहरू, प्रेरणादायि व्यक्तिहरू, सदस्यहरू, सहयोगी संघ संस्थाहरू, दातृ निकायहरू, भूतपूर्व अध्यक्षज्यूहरू, संस्थाका कार्यक्रमहरूमा सक्रिय सवै सदस्य तथा कर्मचारी साथीहरूलाई स्मरण गर्न चाहान्छौं र वहाँहरूको महत्वपूर्ण योगदानको कदर गर्दै धन्यवाद तथा आभार प्रकट गर्न चाहान्छौं ।

गतवर्ष २०६९ कार्तिक १३ गते सम्पन्न संस्थाको २७ औं साधारण सभाबाट निर्देशित नीति तथा कार्यक्रम भित्र रहेर संस्थाले यस वर्ष (२०६९/७/१४ देखि २०७०/७/१५ सम्म) विभिन्न गतिविधि तथा कार्यक्रम सम्पन्न भएका छन् अब गत साधारण सभादेखि अहिलेसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क. नियमित तर्फ**

१. यस अवधिमा जम्मा ७ पटक कार्यसमितिको बैठक बसी विभिन्न विषयमा निर्णयहरू लिइएको छ।
२. विभिन्न संघ/संस्था तथा दातृ संस्थासँग भेटघाट, छलफल, बैठक तथा सम्पर्क समन्वय गरिएको छ।
३. गत साधारण सभादेखि अहिलेसम्म कर्मचारीहरूसँग विभिन्न चरणमा समीक्षा तथा २ पटक सदस्य अन्तर्क्रिया बैठक सम्पन्न भएको छ।
४. प्रत्येक आईतवार केन्द्रिय कार्यलयका कार्यक्रम प्रमुख एवम् विभागीय प्रमुखहरुको नियमित बैठक बस्ने गरिएको छ।
५. संस्था तथा सदस्यता नवीकरण कार्य सम्पन्न गरिएको छ।
६. आषाढ २६ गते वृक्षारोपण तथा बार्षिक उत्सव समारोह, २७ गते देवघाटमा बृद्धहरुको लागि फलफुल बितरण र २८ गते निशुल्क स्वस्थ्य शिविर सम्पन्न गरिएको छ।
७. अन्तिम लेखापरीक्षण कार्य सम्पन्न भैसकेको छ।
८. वृक्षारोपण क्षेत्रमा रेखदेख, तारबार र बिरुवहरुको निरन्तर संरक्षणको कार्य गरिएको छ।
९. संस्थाका विभिन्न कार्यक्रमहरूलाई सुव्यवस्थित तरिकाबाट सम्पन्न गर्नको लागि भवन निर्माण उप-समिति खरीद उप समिती, स्वस्थ्य उपसमिती, पदपुर्ति उप समिती, बृक्षारोपण बिकास तथा बिस्तार उप समितीहरू गठन गरी जिम्मेवारी बाँडफाँड गरिएको छ।
१०. संस्थाले सम्पादन गरेका कार्यक्रमहरूको, संस्थामा कार्यरत कर्मचारीहरुको र सस्थाको सम्पत्तीहरूको नियमित अनुगमन मूल्याङ्कन र संरक्षणको कार्य भैरहेको छ।
११. संस्थाका कर्मचारीहरु र साधारण सभामा उपस्थित हुने सदस्य एवम् कार्यसमितिका पदाधिकारीहरूको दुर्घटना बिमा तथा संस्थाका भवन र सवारी साधनहरूको बिमा गर्ने कार्य नियमित गरिएको छ।
१२. आर्थिक सहभागीताका आधारमा स्वस्थ्य बिमा गराउन इच्छुक ६७ जना सदस्य तथा कर्मचारीहरुको परिवार समेतको स्वस्थ्य बिमा गरीएको छ।
१३. पुस्तकालयको विकास तथा व्यवस्थापनलाई निरन्तरता प्रदान गरिदै आएको छ। यस वर्ष केही पुस्तकहरू थपिएका छन्।

**ख. आय बृद्धि/स्रोत विकास कार्यक्रम तर्फ**

१. टेलिफोन, फ्याक्स, फोटोकपी, कम्प्यूटर सेवा, स्टेशनरी सेवा श-शुल्क उपलब्ध गराइएको छ।
२. तेस्रो तह भन्दा माथिका कर्मचारी तथा स्रोत व्यक्तिको पारिश्रमिकबाट ५% संस्थागत योगदान सङ्कलन गर्ने कार्य भईरहेको छ।
३. संस्थाको आफ्नै नीति नियम अनुसार आन्तरिक व्यवस्थापन आम्दानी सङ्कलन गर्ने गरेको छ।
४. सस्थाको मुख्य आम्दानीको स्रोतको रुपमा प्रवर्धन गरीएको चेतना सदन भीत्रको तालिम केन्द्रलाई व्यवस्थित गर्दै तालीमहरु सञ्चालन गरिएको छ।
५. चेतना सदन भित्र सञ्चालन भैरहेको तालिम केन्द्रलाई सुबिध सम्पन्न गराउन र तालीममय बातावरण गराउन आवश्यक भौतिक पूर्वाधार थपगर्ने, पुस्तकालय ब्यवस्थीत गर्ने, खेलकुदको सुबिधा दिने, सुद्धखानेपानीको ब्यस्था गर्ने, स्वस्थ्यकर खानाको ब्यवस्था गर्ने, बिभीन्न सुचना बोर्डहरु राख्ने, सातै दिन २४ घण्टा कर्मचरीको ब्यवस्था गर्ने, २४घण्टा बिद्युतको ब्यवस्था मिलाउने, सुरक्षाको प्रवन्ध मिलाउने साथै सम्पर्क र समन्वय विस्तार गर्ने गरिएको छ।
६. बिभीन्न संघ सस्थाहरुवाट आउने अवलोकन कर्ताहरुलाई अनिवार्य समय दिने र अन्तरकृया गर्ने र यहाँको सेवा सुबिधाको बारेमा लिखीत तथा मौखीक जानाकारी गराउने गरी यसको प्रचार गरीएको छ।
७. विभिन्न विषयमा कार्यक्रमहरू सञ्चालन गर्न प्रस्तावहरू तयार गरी पेश गरिएको छ।

**ग. प्रबर्धनात्मक/भौतिक विकास तथा कल्याणकारी कार्यक्रम**

१. पुस्तकालयलाई व्यवस्थित गर्दै लैजाने क्रममा अहिलेसम्म १४६५ थान पुस्तक दर्ता गरिएका छन् र ७ थरीका पत्रपत्रिका नियमित ल्याउने गरिएको छ।
२. नियमति प्रकाशन तर्फ विजय ध्वनि , गोजी पात्रो, चेतना सदनको परिचय पुस्तिका, संस्थाको परिचय पुस्तिका सस्थागत परिचय झल्कीने फाईल, ELAPSE , PDI, MAP, RR / RWIP program का कार्यक्रम सारांशहरु प्रकाशित भएका छन्।
३. विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. (विजय एफ.एम. १०१.६) र विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. (विजय सामुदायिक शिक्षा सदन) लाई व्यवस्थापकीय सहयोग उपलब्ध गराएको छ।

५. संस्थाद्वारा स्थापित प्रकोप राहत कोषमा रकम बृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको छ। यस बर्ष बिभीन्न ३८ जना ब्याक्तीहरुलाई अर्थिक सहयोग उपलब्ध गराईएको छ।
६. यस क्षेत्रमा उपलब्ध गराउँदै आएको एम्बुलेन्स सेवालाई यस वर्ष पनि निरन्तरता प्रदान गरिएको छ। यस बर्ष एम्बुलेन्स ३५० दिन गुडेको छ जम्मा ८१० जना बिरामीलाई सेवा प्रदान गरेको छ यी मध्ये केही बिरामीलाई निशुल्क सेवा प्रदान गरेको छ। एम्बुलेन्स भित्र अक्सीजन र फस्ट एडको व्यवस्था गरीएको छ र दुवैजना एम्बुलेन्स चालकहरुले फस्टएडको तालीम प्राप्त गरेका छन।
७. चेतना सदनमा तालिम, अवलोकनको लागि विभिन्न क्षेत्रबाट आउने पाहुनाहरूलाई अभिमुखीकरण, स्वागत तथा बिदाई कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिरहेको छ।
८. गैंडाकोट गाविसलाई खुला दिशा मुक्त क्षेत्र घोषाणा कार्यक्रमलाई सहयोग पुऱ्याउन गाविसलाई आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याइएको छ। जस मध्ये वडा नं.८ खुल्ला दिशा मुक्त घोषणा गर्न सकिने अवस्थामा छ।
९. स्वस्थ्य कार्यक्रम अन्तर्गत यस बर्ष एउटा निशुल्क आयुर्वेदिक स्वस्थ्य शिविर सञ्चालन गरीएको छ। यस शिविरमा ३२५ जना बिरामीहरुले निशुल्क स्वस्थ्य सेवा र औषधी प्राप्त गरेका थिए।
१०. यस वर्ष बिद्यालय जान छोडेका १७ जना गरीब बाल वालीकाहरुको आवस्यक आर्थिक ब्यवस्था सस्थाले बेहोर्ने गरी बिभीन्न तहमा बिद्यालयमा भर्ना गरीएको छ

**घ. साझेदारी कार्यक्रम तर्फ**

### १. बाल मैत्रि स्थानीय शासन कार्यक्रम (CFLG)

जिल्ला बिकास समिती नवलपरासी र युनिसेफ भरतपुरको आर्थिक सहयोगमा भुजहवा, रामपुरखडौना, सनई, रुपौलिया, मनरी, माकर, तिलकपुर, स्वाठी, रजहर, जहदा, गुठीप्रसौनी, बडहरादुबौलिया र पक्लीहवा गाबिसमा बालमैत्रि स्थानीय शासन कार्यक्रम सञ्चालन गरीयको थियो। बाल मैत्रि स्थानीय शासन कार्यक्रम प्रवर्धनका लागि १० जना लाई प्रशिक्षक प्रशिक्षण प्रदान गरीएको छ। ३४४ जना समाजिक परिचालकले बाल मैत्रि स्थानीय शासन बारे तालीम प्राप्त गरेका छन। ६ बटा गाबिसमा नागरीक सचेतना केन्द्र गठन गरीएको छ, ८ बटा गाबिसमा बडा नागरीक मञ्चका सदस्यहरुलाई यस सम्वन्धी तालीम प्रदान गरीएको छ। युनिसेफ नेपाल संग २००३ देखी २०११ सम्म DACAW र २०१२ मा CFLG सञ्चालन गरीएको थियो भने हाल कार्यक्रम निरन्तरता दिने तयारी भइरहेको छ।

### २. कार्यक्रमको नामः विद्यालय पुस्तकालय कार्यक्रम /पठन सीप विकास कार्यक्रम

विजय विकास स्रोत केन्द्रले सन् २००७ देखि नवलपरासी र चितवन जिल्लाका विभिन्न सरकारी विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यसै गरी यस संस्थाले रुम टु रिडसँग कै साझेदारीमा सन् २००९ देखि नवलपरासी जिल्लाका विभिन्न २० विद्यालयमा र सन् २०१० देखि थप २० वटा विद्यालयमा गरी जम्मा ४० वटा विद्यालयमा पठन तथा लेखन शिक्षण कार्यक्रम सञ्चालन गरीएको छ। यो कार्यक्रम कक्षा १ र २ को नेपाली विषयलाई केन्द्रित गरी सञ्चालन भइरहेको छ। सन् २०१३ सम्म आईपुग्दा नवलपरासी जिल्लाका ७२ गबिसका २८९ बिद्यालय र चितवन जिल्लका ३२ गाबिसका १०१ बिद्यालयमा विद्यालय पुस्तकालय कार्यक्रम सञ्चालन भएको छ।

यस कार्यक्रम अन्तर्गत पुस्तकालय स्थापना गर्दा पुस्तकालयलाई आवश्यक पर्ने सामाग्रिहरू जस्तैः पुस्तक, फर्निचर, पुस्तकालय व्यवस्थापन तालिम, मसलन्द आदि कुराहरूको वार्षिक रुपमा सहयोग गर्ने गर्दछ। त्यसका लागि विद्यालयले पनि केही निश्चित योगदान गर्नुपर्ने हुन्छ। कार्यक्रमबाट पुस्तकालय व्यवस्थापन तथा पठन सीप विकास कार्यक्रमका लागि शिक्षकहरूको दक्षता अभिवृद्धि गर्न विभिन्न तालिम तथा कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने गर्दछ। यसरी सामानहरू उपलब्ध गराउने कार्यले पुस्तकालय सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिता हेरी ३ वर्षसम्म निरन्तरता पाउनेछ। यस कार्यक्रमको मुख्य उद्देश्य भनेको सरकारी विद्यालयलयहरूमा पुस्तकालय स्थापना गरी विद्यार्थीहरूको पढ्ने सीप तथा बानिमा सुधार ल्याउने रहेको छ। त्यसै गरी यस कार्यक्रमको माध्यमबाट विभिन्न शैक्षिक सामाग्रीहरूको सहयोगद्वारा विद्यालयमा शैक्षिक वातावरणको स्थापना गरी शैक्षिक गुणस्तर वृद्धि गर्दै विद्यार्थीहरूमा शिक्षाप्रति रुचि तथा उनीहरूको पठनपाठनमा सहयोग पुऱ्याउनु रहेको छ। यस कार्यक्रमले विद्यार्थीहरूको सृजनसिलतामा अभिवृद्धि तथा अध्ययन गर्ने बानीमा विकास गर्ने खालका अन्य कार्यक्रमहरूसमेत सञ्चालन गर्ने गर्दछ।

कार्यक्रमको यस वर्षसम्मको तथ्याङ्कगत उपलब्धि यस प्रकार छः

| वर्ष | छुट्टै कोठामा पुस्तकालय (SRR) | कक्षा कोठा र छुट्टैकोठा पुस्तकालय (SCRR ) | कक्षा कोठामा पुस्तकालय CRCRR). | छुट्टै कोठा सहितको पुस्तकालय (CRR ) | जम्मा विद्यालय संख्या | यस वर्ष पुस्तक बितरण |
|---|---|---|---|---|---|---|
| २०१३ | १७ | १० | ६ | २ | ३५ | ३५ |
| २०१२ | १५ | १० | १० | १० | ४५ | ४५ |
| २०११ | २१ | ५ | १५ | ६ | ४७ (LI-10) | ४७ |
| २०१० | ३७ | - | - | २ | ३९ (LI-10) | ३९ |
| २००९ | ४० | - | - | १ | ४१ | ४१ |
| २००८ | ५० | - | - | - | ५० (LI-20) | |
| २००७ | ४५ | - | - | - | ४५ | |
| २००६ | १० | | | २ | १२ | |
| २००५ | ३२ | | | | ३२ | |
| २००४ | ४४ | | | | ४४ | |
| **जम्मा** | | | | | **३९०** | **२०७** |

RWIP- Readimg and Writing Instruction Program (**पठन तथा लेखन शिक्षण कार्यक्रम**)

आगामी वर्ष सन् २०१४ मा नवलपरासी जिल्लाका ३० वटा विद्यालयमा र चितवन जिल्लाका २० वटा विद्यालयमा विद्यालय पुस्तकालय कार्यक्रम तथा नवलपरासी जिल्लाका २० वटा विद्यालयामा पठन सीप कार्यक्रम सञ्चालन गर्न रुम टु रिड सँग छलफल तथा प्रस्ताव गरिएको छ ।

**३. स्थानीय साशन तथा सामुदायिक बिकास कार्यक्रम(LGCDP) अन्तरगत सामाजिक परीचालन कार्यक्रम**

जिल्ला बिकास समिति नवलपरासीको आर्थिक सहयोगमा विजय विकास स्रोत केन्द्रले २०६७ असारदेखि नवलपरासी जिल्लाका ८ वटा गाविसहरू, गैंडाकोट, देउराली, नारायणी, मैनाघाट, रांकाचुली, हुप्सेकोट धुर्कोट र तमसरिया गाविसमा सामाजिक परिचालन कार्यक्रम सञ्चालनमा रहेको थियो । रुपान्तरणीय सामाजिक परिचालनको माध्यमबाट अतिगरिब, गरिब बिषेश गरी महिला, दलित, अपाङ्ग, बालबालिका, पिछडावर्गहरूको सरकारी तथा गैरसरकारी स्रोत र सेवाको परिचालन र पहुंच बृद्धिका लागि उनीहरुलाई शसक्त गराउनु र योजना तर्जुमा प्रक्रियामा, कार्यान्वयन र अनुगमनमा उनीहरूको समावेश र प्रतिनिधित्वको सुनिश्चितता गराउनु नै यो कार्यक्रमको मूख्य उद्देश्य हो । यस मर्मलाई बुझेर कार्यक्रम कार्यन्वयन गर्न सामाजिक परिचालकहरुलाई परिचालन गरीएको छ र ८ बटा गाबिसहरुमा ७२ बटा बडा नागरीक मञ्च र ८ बटा नागरीक सचेतना केन्द्रलाई सक्रिय बनाईएको छ । पछिल्लो संझौत २०६९ श्रावण देखी २०७० आषाड सम्मकालगि भएको थियो र नेपाल सरकार संघिय मामला तथा स्थानीय बिकास मन्त्रालयको हालैको परिपत्रअनुसार यो कार्यक्रम रोकीएको छ ।

**४. सहभागितामुलक लोकतान्त्रिक पहल (PDI) कार्यक्रम एक परिचय**

विजय विकास स्रोत केन्द्र (VDRC) र एक्सन एड् अन्तराष्ट्रिय नेपाल (AAIN) को साझेदारीमा नवलपरासी जिल्लाका विभिन्न ४ वटा गा.वि.स.हरू ( तम्सरीया, प्रसौनी, नयाँ बेलहानी र दुम्किबास) मा सहभागितामूलक लोकतान्त्रिक पहल (PDI) कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमको लक्ष्य नागरीकहरूको पहलमा नीति निर्माण प्रक्रियालाई लोकतान्त्रिक बनाउदै राज्यका हरेक तहमा सहभागी तथा समावेशी शुसासनलाई प्रवर्द्धन गर्दै गरिबी घटाउनु हो । नवलपरासी जिल्लाका ४ वटा गा.वि.स.हरूमा सहभागीमूलक लोकतान्त्रिक पहल कार्यक्रम मार्फत स्थानीय तहमा सहभागिता र सुशासन स्थापना गर्नका लागि स्थानीय तहदेखि राष्ट्रिय तहसम्म नीतिगत वकालत गरिने छ । सहभागितामुलक लोकतान्त्रिक पहल कार्यक्रमले गरिब, सिमान्तकृत, पछाडि पारिएका वर्ग तथा नागरिकको राजनीतिक, लोकतान्त्रिक र आर्थिक सशक्तीकरणको लागि सहभागीतामूलक लोकतान्त्रिक प्रक्रियाद्वारा सहजीकरण गदै राज्य र नागरीकलाई साझा बिन्दुमा आउन सहयोग गर्ने जसले नागरिकलाई राज्य तथा राज्यका निकायसँग रचनात्मक तथा आलोचनात्मक छलफल अन्तरक्रिया गर्दै संविधान प्रदत्त गुणस्तरीय आधारभूत सेवा प्रदान गर्नका लागि माग गर्न र राज्यलाई जवाफदेही बनाउन सहयोग पुऱ्याउनेछ भन्ने उद्देश्य राखेको छ ।

**यस कार्यक्रमका उद्देश्यहरू निम्नानुसार छन् ।**

- स्थानीय तहका विभिन्न संरचनाहरुमा अधिकारवालाहरुको प्रतिनिधित्व वढाई समावेशी बनाउन सहयोग गर्ने,
- सार्वजनिक स्रोत र साधनहरुमा समता र समानतामूलक ढंगले अधिकारवालाहरुको पहुँचमा वृद्धि गर्ने,
- सहभागितामूलक लोकतान्त्रिक अभ्यासलाई अनुकुल हुनेगरि नागरिकहरुमा स्रोतको वाँडफाँड, नीति निर्माण सम्वन्धि सचेतना जगाउनुका साथसाथै निर्माण भएका नीति नियमहरुलाई अधिकारवालाहरुको पक्षमा प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न लगाउने जसवाट विकेन्द्रकरण र सहभागितामूलक लोकतन्त्रको वास्तविक अभ्यास गर्ने,
- स्थानीय तहमा कम्तिमा ४० प्रतिशत महिल सहभागिताको लागि सहयोग पुऱ्याउने ।

**सहभागितामूलक लोकतान्त्रिक पहल कार्यक्रम अन्र्तगत हालसम्म हासिल गरिएका मुख्य उपलब्धिहरू**

स्थानीय तहमा वनेका समिति तथा संरचना तथा समितिहरूमा महिला तथा सिमान्तकृत आदिवासी, जनजाती, दलित तथा अन्य वर्गको सहभागितामा वृद्धि भएको छ भने सो सहभागिताको संस्थागत व्यवस्था एवम् दिगोपनाको लागि पनि पहलको सुरुवात भएको छ ।

- कार्यक्षेत्रका SMC, PTA, उपभोक्ता समितिहरु, वार्ड नागरिक मञ्च, अनुगमन समितिहरु, सहकारी संस्थाहरु तथा अन्य समित, समूह तथा सञ्जालहरुमा महिला, गरिव तथा सिमान्तकृत वर्गको प्रतिनिधित्वमा वृद्धि भई उक्त संरचनाहरु समावेशी भईरहेका छन् ।
- वस्तिस्तरवाट माग भई आउने योजनालाई प्राथमिकता दिई गाउं परिषदमा वजेट छुट्याउने अभ्यासको सुरुवात भएको छ ।
- रिफ्लेक्ट सर्कलका महिलाहरु संगठित भई आफ्ना आवाजहरु गाउं विकास समिति तथा जिल्ला विकास समिति सम्म पुऱ्याउन सक्षम भएका छन् ।
- कार्यक्षेत्रका १ प्राथमिक स्वास्थ्य केन्द्र, १ स्वास्थ्य चौकी, २ उपस्वास्थ्य चौकी तथा ६ वटा विद्यालयमा सामुदायिक अंकतालिका कार्यक्रम मार्फत सेवाको दुईतर्फि मूल्यांकत गरि सेवा सुधारको लागि कार्ययोजना सहित कामको थालनि एवम् नियमित अनुगमन भईरहेको छ ।

## ५. नेपालमा सुशासन प्रवर्द्धनका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन

सूचनाको हक मानिसको नैसर्गिक मौलिक अधिकार हो । लोकतान्त्रिक शासन व्यवस्थाको एउटा महत्वपूर्ण गहनाको रुपमा सूचनाको हक रहेको हुन्छ । नेपालको अन्तरिम संविधान-२०६३ को दफा २७ मा नागरिकको सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । प्रत्येक नेपाली नागरिकको सूचनाको हकको प्रत्याभूतिको लागि  सूचनाको हकसम्बन्धी ऐन, नियम र राष्ट्रिय सूचना आयोग जस्ता कानुनी र संस्थागत संयन्त्रको तर्जुमा भएको पनि ६ वर्ष भइसकेको छ। सूचनाको हकसम्वन्धि ऐनमा उल्लेख भएअनुसार प्रत्येक नेपाली नागरिकलाई हरेक सार्वजनिक निकायमा रहेको सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने हक रहेको छ ।

सूचनाको हकलाई तल्लो निकायसम्म स्थापित गराई प्रत्येक व्यक्तिलाई सूचनाको हकको अनुभूति दिलाउने उद्धेश्यले नवलपरासी जिल्ला लाई केन्द्रविन्दु मानी पश्चिमाञ्चल विकास क्षेत्रलाई समेटेर “नेपालमा सुशासन प्रवर्द्धनको लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन” (Improve Implementation of RTI in Nepal to Promote Good Governance) परियोजना सञ्चालन भईरहेको छ । DFID  को Enabling State program (ESP) को सहयोग तथा विजय विकास स्रोत केन्द्र (VDRC) र सूचनाको हकको लागि नागरिक अभियान (CCRI) को सहकार्यमा सञ्चालन हुने कार्यक्रमको अवधि जुलाई २०१३ देखि डिसेम्वर २०१३ सम्म ६ महिनाको रहेको छ । कार्यक्रम अन्तर्गत विजय विकास स्रोत केन्द्रले मूख्य गरी निम्न क्रियाकलापहरु सञ्चालन गर्दछ ।

- पश्चिमाञ्चल विकास क्षेत्रमा सुशासनको क्षेत्रमा काम गर्ने संस्था तथा पत्रकारहरुको क्षमता विकास गरि सूचनाको हकको प्रवर्द्धनमा सहभागि गराउने,
- राष्ट्रिय सूचना आयोग दिवस मा कार्यशाला तथा अन्तराष्ट्रिय थाहा पाउने दिवसको दिनमा सहयोग डेस्क स्थापना गरि आम नागरिकहरुलाई सूचना माग गर्नमा सहजिकरण गर्ने,
- जिल्ला तहमा (नवलपरासी, चितवन, पाल्पा) अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

● आम नागरिकहरुलाई सूचनाको हकको वारेमा जानकारी गराउने तथा सूचना माग गर्न, सूचना मागको निवेदन तयार गर्न सहजिकरण एवम् सहयोग उपलब्ध गराउने ।

यो परियोजना नेपालका विभिन्न ९ वटा संस्थाहरुको सहकार्यमा झापा, वारा, काठमाँडौ, भक्तपुर, नवलपरासी, वाँके, कालिकोट तथा कैलाली जिल्लालाई केन्द्रविन्दू मानि नेपालको सम्पूण भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र मानि सञ्चालन भईरहेको छ ।

### कार्यक्रम अर्न्तगत हालसम्म हासिल गरिएका मुख्य उपलब्धिहरू

● २० भन्दा वढी जना अभियानकर्मी निर्माण गरिसकिएको छ ।

● हालसम्म नवलपरासी जिल्ला का २० वटा जिल्ला स्तरीय सरकारी कार्यालय तथा चितवनका ५० वटा जिल्ला स्तरीय सरकारी कार्यालयहरुमा सूचना अधिकारी तोकी जिम्मेवारी दिईएको छ ।

● सरकारी कार्यालयहरुले सूचना मागको निवेदन दर्ता गर्न थालेका छन् भने मागेको सूचना प्राप्त गर्ने क्रम वढेको छ ।

● हालसम्मा हाम्रो सम्पर्कमा १६ वटा निवेदन दर्ता भएकोमा ८ वटाको सूचना प्राप्त भएको छ भने १ वटाको राष्ट्रिय सूचना आयोगमा उजुरी गर्ने तयारीमा रहेको तथा ७ वटा को प्राप्त हुन वांकी छ ।

### ६. खानेपानी तथा सरसफाई आयोजना :

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको आर्थिक सहयोगमा  यस संस्थाले गोरखा जिल्लामा पाँचौ चरणमा पौवाटार र पालुङ्गटार गाबिसका हिरामुनीटार सापकोटाटार र अर्चले खानेपानी योजनाहरु खोरखाकै सातौं चरणमा मिरकोट, धुवाकोट, छोप्राक, गाविसका पाण्डुवेसी दरौदीडाडा, कमलबारी अम्राई, मैदान र चित्रेपोखरी गरी ७ वटा खानेपानी योजनाहरु र तनहुँ जिल्लामा छैटौ चरणमा भानु र राम्जाकोट गाविसका जयबुद्ध, चण्डीस्थान, चुदीकुमाल, पीपलटार र रुपटार गड्गेश्वर गरी ५ वटा बटा खानेपानी आयोजना समेत कुल १२ वटा योजनाहरूमा निर्माण पश्चात् अनुगमन तथा निरीक्षण कार्य भइरहेकोछ । यस कार्यका लागि संस्थाबाट १ जना सामाजिक पक्ष हेर्ने र १ जना प्राविधिक पक्ष हेर्ने गरी २ जनालाई जिम्मेवारी प्रदान गरिएको छ।

### ७. स्थानिय स्तरमा सुशासन प्रवर्द्धन तथा सुदृढिकरणका लागि सामाजिक जवाफदेहित कार्यक्रम (SAGG) :

सन् २०११ डिसेम्बरदेखि सेसी/प्रानसँगको साझेदारीमा नवलपरासी जिल्लाका १३ वटा गाविसहरू (देउराली, अर्खला, बुलिङ्गटार, जौवारी, कावासोती, पिठौली, शिवमन्दिर, तम्सरिया, मैनाघाट, दाउन्नेदेवी, त्रिवेणिसुस्ता, रुपौलिया र कुडिया) का २१ वटा विद्यालयमा विद्यालय क्षेत्र सुशासन प्रर्वद्धनका लागि सामाजिक उत्तरदायित्व कार्यक्रम भएको थियो । यसको मुख्य उद्देश्य विद्यालयका अभिभावक र विद्यार्थीहरू बीच विद्यालयले प्रदान गरेको सेवा बारेमा जानकारी पाउनु, वि.व्य.स. र शिक्षकहरूलाई आ-आफ्नो जिम्मेवारीको बारेमा बोध गराउनु, शिक्षक, वि.व्य.स., अभिभावक र विद्यार्थी बीच गुणस्तरीय शिक्षा प्रदान गर्ने क्रममा राम्रो सम्बन्ध स्थापित गराउनु आदि हुन् । यसका लागि सामुदायिक अंक-पत्र तालिकाको माध्यमबाट काम गरिन्छ ।  यो कार्यक्रम सन् २०११ नोभेम्वर २२ देखि  २०१२ सेप्टेम्वर ३० सम्म सञ्चालनमा रहेको थियो । हाल यसलाई ELAPSE कार्यक्रम ले निरन्तरता दिएको छ ।

#### उपलब्धिहरू:

हालसम्म ७ वटा विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप, विद्यालय सरसफाई, खेलकुदका कार्यक्रमहरूको लागि जिम्मेवारी बाँडफाँड गरी काम गर्न थालेका छन् । ३ वटा विद्यालयमा हाफछुट्टी पछि पनि हाजिरी लिने चलन बसालेका छन् । १५ वटा विद्यालयले वि.व्य.स.को निरन्तर बैठकको आयोजना गर्न थालेका छन् । १३ वटा विद्यालयमा पाठ योजना तयार गरी पठन-पाठन शुरु गरिएको छ । २१ वटा विद्यालयमा अनुगमन समिति बनाई विद्यालयका क्रियाकलापहरूको अनुगमन गर्न थालेका छन् । ५ वटा विद्यालयले अति आवश्यक कोटाहरू जि.शि.का.मा माग गरेका छन् । २१ वटा विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरेका छन् । ११ वटा विद्यालयले उपयुक्त तरिकाले छात्रवृत्ति वितरण गरेका छन् ।

### ८. सार्वजनिक सेवा सुदृढीकरणका लागि स्थानीय निकायको सवलीकरण (ELAPSE) कार्यक्रम एक परिचय

नवलपरासी जिल्लाका ७ वटा गाबिस माकर, दाउन्नेदेवी, रुपौलिया, प्रतापपुर, जहदा, सोमनी, र जमुनिया र चितवन जिल्लाका ७ वटा गाबिस, गर्दी, बगौडा, कल्याणपुर, जगतपुर, पटिहानी, सुक्रनगर र मैघौली गाबिसले दिने सेवा सुबिधाको बारेमा सेवग्राहीहरुको सन्तुष्टी मापन गर्नका लगि नागरीक प्रतिवेदन पत्रको प्रयोग गरी सार्वजनिक सेवा सुदृढीकरणका लगि स्थानीय निकायको सवलीकरण कार्यक्रम सञ्चालन गरीरहेको छ । नवलपरासी जिल्लाका २१ बटा विद्यालयहरुमा विद्यालयहरुले गत वर्ष निर्माण गरेको कार्ययोजना र बिद्यालय सुधार योजनको आवश्यक परिमार्जनका लागि समिक्ष बैठक गरि आवश्यक परिमार्जन गर्ने कार्य यस परियोजना मार्फत सञ्चालन हुदै आईरहेको छ ।

### ९. सामाजिक जवाफदेहीता प्रर्वद्धनको लगि अनुगमन (MAP) कार्यक्रम

बिश्व बैकको सहयोगमा नेपाल सरकार शिक्षा मन्त्रालयले प्राबिधीक शिक्षा र ब्यवसायिक तलीमहरुबाट शिपयुक्त जनशक्ती उत्पादनको क्षमता अबिधृद्धि गर्न ब्यवसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना (EVENT) सञ्चालन गरिरहेको छ । उक्त परियोजनामा बिजय बिकास स्रोत केन्द्रले तेस्रो पक्षिय अनुगमन कार्य गर्दछ । यसका लगि बिजय बिकास स्रोत केन्द्रले हेल्भेटास नेपाल र पी.टी.एफको साभ्केदारिमा यो परियोजना सञ्चालन गरिरहेको छ । यस कार्यक्रमको अवधी मार्च २०१३ देखी अगष्ट २०१४ सम्म रहेको छ ।

**यस कार्यक्रमका उदेश्यहरु निम्न प्रकारका छन**

- **प्रा**बिधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद अन्तरगत राष्टिय शिप परिक्षण समिती द्धारा आयोजित शिप परिक्षण मुल्यांकन कर्ता र शिप परिक्षण ब्यवस्थापकको तालीमहरुको अनुगमन गरिने छ ।
- प्राबिधीक प्रशिक्षण प्राष्तिठाने आयोजना गरेको प्रमुख प्रशिक्षक , अगुवा प्रशिक्षक र सहायक प्रशिक्षक प्रशिक्षणहरुको अनुगमन गरीने छ ।
- लाभान्वितहरु मध्ये अनुगमन गरियका तालिमका प्रशिक्षार्थी हरुको सन्तुष्टी स्तरको सर्वेक्षण गरीन छ ।
- सर्वेक्षण तथा अनुगमनबाट प्राप्त अनुभवले सम्वन्धित सरोकार वालालाइ रचनात्मक सुधारकालागि पहल गरिने छ ।

### १०. स्वयंसेवक कार्यक्रम

यस बिजय⁄ बिकास स्रोत केन्द र जि.आई.जेड जर्मनीको साभ्केदारीमा सञ्चालीत यस कार्यक्रम मार्फत एक जना जर्मन स्वयंसेवकले यस सस्थाद्धारा प्रवर्धित बिजय सामुदायिक शिक्षा सदानमा अक्टुवर २०१२ देखी सेप्टेम्वर २०१३ सम्म बाल बिकास केन्द्रमा सहयोग पुर्याउनु भएको थियो ।

आर्थिक बर्ष २०६९/७० लाई फर्केर हेर्दा सस्थाको कार्यक्षेत्र भौगोलिक तथा बिषगत रुपमा केही फराकीलो भएको छ । हामीले EVENT, RTI र ELAPSE परियोजना मार्फत सामाजिक जवाफदेहीता, सुचनाको हक र सार्वजनिक सेवाको सुदृढीकरणका क्षेत्रमा आफ्नो क्षेत्र बिस्तार गरेका छौ । बालमैत्रि स्थानिय शासन कार्यक्रमलाई निरन्तरता दिदै क्षेत्रिय रुपमा स्रोत सस्थाका रुपमा कार्य गर्ने तयारी भैरहेको छ । जन सरोकार मञ्च र सुचनाको हक सम्वन्धी कार्यगर्ने सस्थाहरुको सञ्जालमा सहभागीभै कार्यतन्त्र बिस्तार हुन पुगेको छ ।यसै गरी पुर्वयोजना अनुसार गरिबि मुक्त गैडाकोट कार्यक्रम, ट्ष्ट फण्डको स्थापना, तोलीम स्यनुवलहरुको तयारी र बिजय परिवारको आवधारणालाई उल्लेखनिय रुपमा अगाडी बढाउन सकेनौ जसलाई आगामि बर्ष बिषेष ध्यान दिनु पर्ने देखिन्छ ।

## यस अवधिका केही महत्पूर्ण निर्णयहरूका सारांस :

**२०६९ कार्तिक, १३ गते**

- निर्णय नं.१, यस संस्थाले हरेक वर्ष संस्थागत विकास तथा उच्च कार्यसम्पादनको मूल्यांकन गर्दै कर्मचारी मध्येबाट यस वर्षको विजय उत्कृष्ठ योगदान पुरस्कार संस्थाका लेखा अधिकृत श्री कालिदाश

गौडेललाई प्रदान गर्ने निर्णय गरियो । यसै गरी सदस्यहरु मध्येबाट उच्च संस्थागत योगदानका आधारमा आजीवन सदस्य श्री हरिप्रसाद सापकोटालाई प्रदान गर्ने निर्णय गरियो ।

- निर्णय नं.२, यस संस्थाको बार्षिक नीति तथा कार्यक्रम अनुसार मानवीय स्रोत विकास अन्तर्गत यस संस्थाका भू.पू. अध्यक्ष एवम् सल्लाहकार संयोजक श्री इन्द्रराज ज्योति पौडेल अध्ययन तथा तालिमको लागि ताइवान जान लाग्नु भएकोले वहाँलाई रु.३०,०००।- सहयोग गर्ने निर्णय गरियो । यसै गरी काठमाण्डौमा हुने 8th International conference Human development मा यस संस्थाको तर्फबाट कार्य समिति सदस्य श्री बसन्तराज लम्सालले सहभागिता जनाउने निर्णय गरियो ।

**२०६९ मंसिर, १६ गते**

- निर्णय नं.३, यस संस्थाको गत साधारण सभाबाट पारित बार्षिक कार्यक्रम अन्तर्गत मेडिकल इन्स्योरेन्स कार्यक्रमलाई तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय गरियो । यस अन्तर्गत रु.१ लाख बराबरको योजनामा सहभागिताको लागि सदस्य र केन्द्रिय कार्यालयका कर्मचारीको हकमा लाग्ने बिमा शुल्कको २५% र समिति एवम् सल्लाहकारको हकम ५०% बिमा शुल्क संस्थाले व्यहोर्ने गरी यो कार्यक्रम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

- निर्णय नं.४, यस संस्थाको गत साधारण सभाबाट पारित बार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी सोही कार्य योजना अनुसार कार्यक्रम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

- निर्णय नं.५, यस संस्थाको गत साधारण सभाबाट पारित बार्षिक कार्यक्रम अनुसार संस्थामा सदस्यता थप सम्बन्धमा आवश्यक आधार तयार गरी आगामी बैठकमा पेश गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो :

  संयोजक : श्री नारायण सापकोटा (अध्यक्ष)
  सदस्य : श्री लक्ष्मी कडेल गौतम (उपाध्यक्ष)
  सदस्य : श्री माधबप्रसाद पौडेल (सचिव)

- निर्णय नं. ६, यस संस्थाको समग्र अवस्थाको अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यसमितिको निर्णय अनुसार जिम्मेवारी लिनु भएका कार्य समिति सदस्य श्री बसन्तराज लम्सालले पेश गर्नु भएको संस्थागत अध्ययन, अनुगमन तथा मूल्यांकन प्रतिवेदनलाई स्वीकार गर्दै क्रमशः कार्यान्वयनमा लैजाने निर्णय गरियो । प्रस्तुत प्रतिवेदनलाई कार्यान्वयन गर्न एक अनुगमन समिति पछि गठन गर्ने पनि निर्णय गरियो ।

- निर्णयन नं. ७, यस संस्थाको मौजुदा मानवीय स्रोत व्यवस्थापन नीतिमा समयानुकुल परिमार्जन गर्नु पर्ने भएकोले आवश्यक परिमार्जन सहित प्रस्ताव गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो :

  संयोजक : श्री माधबप्रसाद पौडेल
  सदस्य : श्री गंगाधर सापकोटा
  सदस्य : श्री खेमराज सापकोटा

**२०६९ माघ, १३ गते**

- निर्णय नं.२, यस संस्थाद्वारा सञ्चालन गर्न लागिएको सदस्य भित्रको मेडिकल इन्स्योरेन्स कार्यक्रम इन्स्योरेन्स सेवा प्रदायक संस्था एभरेष्ट इन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी कार्यक्रम अगाडि बढाउने र सो का लागि आवश्यक सम्पूर्ण कार्य गर्न संस्थाका कार्यकारी निर्देशक श्री खेमराज सापकोटालाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

- निर्णय नं.३, यस संस्थाको गत साधारण सभाबाट पारित बार्षिक कार्यक्रम अनुसार संस्थामा सदस्यता थप सम्बन्धमा आवश्यक आधार तयार गरी गठित कार्यदलले बैठकमा पेश गरेकोमा संस्थाको मौजुदा विधान अनुसार तपसिलका व्यक्तिहरुलाई सदस्यता तथा सह-सदस्यता प्रदान गर्ने निर्णय गरियो :

  साधारण सदस्यता :
  १) मुन्ना मियाँ सिद्धिकी
  २) सजना नेपाली
  ३) शारदा विश्वकर्मा

४) रेखा श्रेष्ठ
५) सन्ध्या सापकोटा
६) संगिता घिमिरे
७) लक्ष्मी अधिकारी
८) मोहन शर्मा
९) गोपीनाथ खरेल
१०) कपिल न्यौपाने
११) भूमिराज चापागाई
१२) केशव कडेल
१३) दोलराज पाण्डे
१४) गंगा सापकोटा र
१५ सह सदस्य राज कुमार कुमाल

- निर्णय नं.४, यस संस्थाको मौजुदा मानवीय स्रोत विकास तथा व्यवस्थापन नीतीलई समय सापेक्ष परिमार्जन गर्न गठित कार्यदलले आजको यस बैठकमा छलफल तथा परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

- निर्णय नं.५, सदस्यले सञ्चालन गर्न लागेको गरिबी मुक्त गाउँ निर्माण कार्यक्रमलाई अगाडि बढाउन आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्दै अगाडि बढाउन संस्थाका भू.पू. अध्यक्ष श्री इन्द्रराज ज्योति पौडेल, भू.पू. अध्यक्ष श्री केशवप्रसाद सापकोटा र श्रद्धेय सदस्य श्री बासुदेव न्यौपानेलाई जिम्मा दिने निर्णय गरियो ।

- निर्णय नं.६, यस संस्थामा एक कार्यक्रम सल्लाहकारको रुपमा कार्यरत श्री तुलसी प्रसाद पौडेलले दिंदै आउनु भएको भूमिकालाई मौजुदा काम, कर्तव्य र सेवाको अधिनमा रही साविककै समाप्त भएको मितिले आगामी ६ महिनाको लागि समयावधि थप विस्तार गर्ने निर्णय गरियो ।

**२०६९ चैत्र, १७ गते**

- निर्णय नं.२, यस संस्थाको तर्फबाट वि.सं.२०७० मा दिने कार्यालय बिदाको तालिका यस बैठकमा पारित गर्ने निर्णय गरियो ।

- निर्णय नं.३, यस संस्थाद्वारा सञ्चालित MAP कार्यक्रमका लागि तपसिल अनुसारका उपसमितिहरु गठन गर्ने निर्णय गरियो :

**Project Implimentation Team:**

| | |
|---|---|
| संयोजक | : श्री खेमराज सापकोटा |
| सदस्य | : श्री सुवर्णमान प्रधान |
| सदस्य | : श्री योगराज ढुंगाना |

**Sub Project Monitoring Committee:**

| | |
|---|---|
| संयोजक | : श्री तुलसीप्रसाद पौडेल |
| सदस्य | : श्री कृष्णप्रसाद सापकोटा |
| सदस्य | : श्री निर बहादुर जिरेल |
| सदस्य | : प्रशिक्षक प्रतिनिधी |
| सदस्य | : मुल्यांकन कर्ता प्रतिनिधी |

**२०७० बैशाख, १४ गते**

- निर्णय नं.१, यस संस्थाको पञ्चवर्षीय कार्यनीतिक योजना (सन् २०१०-१४) ले तय गरेको आगामी संस्थाको कार्य दिशाको उपलब्धीका बारेमा समीक्षा गर्ने तथा समसामायिक परिस्थिति र परिवेशमा मौजुदा कार्यनीतिक योजनालाई परिस्कृत र परिमार्जन गर्ने सन्दर्भमा मिति २०७० बैशाख १३ र १४ गते चितवनको सौराहामा सम्पन्न गरियो । उक्त योजनाले निर्धारण गरेको परिकल्पना, ध्येय, उद्देश्य तथा

रणनीति एवम् व्यवस्थापकीय संरचना लगायत समग्र पक्षमा व्यापक छलफल तथा अध्ययन गरी पञ्चवर्षीय योजना (सन् २०१०-१४) को समीषा गर्दै संशोधनका साथ पारित गर्ने निर्णय गरियो ।

- निर्णय नं.२, यस संस्थाद्वारा सञ्चालित सार्वजनिक सेवा सुदृढीकरणका लागि स्थानीय निकायको सवलीकरण कार्यक्रम (Enriching Local Agency for public service enhancement/ELAPSE) को नाउँमा नविल बैंक लि. नारायणगढमा शाखामा Vijaya Development Resource Center/PRAN को नाउँमा खाता खोल्ने निर्णय गरियो । साथै उक्त खाता कार्यकारी निर्देशक श्री खेमराज सापकोटा, लेखा अधिकृत श्री कालिदाश गौडेल र प्रमुख सामाजिक जवाफदेहिता अभ्यासकर्ता श्री बीरभद्र सापकोटा गरी ३ जना मध्ये कुनै २ जनाबाट सञ्चालन गर्ने पनि निर्णय गरियो ।

**२०७० असार, २२ गते**

- निर्णय नं.२, यस संस्थाको आगामी आषाढ २६ गतेका दिन हुन गैरहेको बार्षिकोत्सवलाई विगतमा जस्तै विभिन्न कार्यक्रमका साथ भव्य रुपमा मनाउने निर्णय गरियो । यसै क्रममा असार २६ गते बिहान वृक्षरोपण र बार्षिकोत्सव समारोह, २७ गते देवघाटमा फलफुल वितरण, २८ गते आयुर्वेदिक स्वास्थ्य उपचार शिविर लगायतका कार्यक्रमका साथ बार्षिकोत्सव मनाउने निर्णय गरियो ।

- निर्णय नं.३, यस संस्थाका लागि कार्यालय प्रयोजनका निमित्त चारपाङ्ग्रे (सेन्ट्रो) गाडि खरिद गर्ने निर्णय गरियो । उक्त गाडि खरिद गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाउन कोषाध्यक्ष, कार्यकारी निर्देशक र सञ्चालन निर्देशकलाई जिम्मा दिने निर्णय गरियो ।

**२०७० भाद्र, १५ गते**

- निर्णय नं.२, यस संस्थामा कार्यरत कर्मचारी श्री नरेश्वर सापकोटाको परिवारको उपचारका लागि सहयोग माग भई आएकोमा उक्त उपचार खर्चमा सहयोग वापत रु.१०,०००।- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

- निर्णय नं.३, चालु आर्थिक वर्षका कार्यक्रमहरु अन्तर्गत नियमित, विशेष, स्रोत विकास, साझेदारी र प्रबर्धनात्मक कार्यक्रमहरुको विषयमा छलफल गरियो र प्राप्त सुझाबका आधारमा नयाँ कार्यक्रम/योजना तयार गरी कार्य समितिका अध्यक्ष लगायत सम्पूर्ण सदस्यमा आगामी बैठकमा पुनः छलफल हुने गरी वितरण गरिने निर्णय गरियो ।

- निर्णय नं.४, यस संस्थाका कार्यकारी निर्देशक श्री खेमराज सापकोटाले यस वर्षका लागि तयार पार्नु भएको बजेट र खर्च आम्दानीको विवरण सुझाब सहित अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

## प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम (आ.व. २०७०/०७१)

आर्थिक वर्ष २०६९/०७० नेपालको आर्थिक, सामाजिक र राजनैतिक विकासको हिसाबले मध्यम नै रह्यो । गैर सरकारी क्षेत्रको प्रयास यथावत रहेता पनि सरकारी बजेटलाई हेर्दा अरवौं रकम खर्च हुन नसकेकाले आर्थिक र सामाजिक क्षेत्रमा बढ्दो अन्यौलतालाई संकेत गरेको छ । राजनैतिक रूपमा देश संक्रमणबाट गुज्रीरहेको बेला अप्रत्यासित रुपमा दोस्रो संविधान सभाको निर्वचनको घोषणाले थप अन्यौल निम्त्याएको प्रष्टै छ । यस्तो अवस्थामा नागरिक समाजका प्रतिनिधि संस्थाहरूको सान्दर्भिकता अझ बढेर गएको छ । समुदायको आधारभूत तहसम्म पुगेर जनतालाई वास्तविक रुपमा सचेत र सक्षम बनाउने हाम्रो प्रयासले यतिबेला अभियानको रूप लिएको छ । जुन अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउन सबै पक्षबाट सहयोगको अपेक्षा गर्नु स्वभावीक हुन जान्छ । जनतामा समग्र रुपमा राजनैतिक, आर्थिक, सामाजिक चेतना भर्दै आफ्ना वास्तविक हक, अधिकारप्रति सचेत र अरुप्रतिको जिम्मेवारी र कर्तव्य बोध गर्नु जरुरी छ । प्राप्त राजनैतिक उपलब्धिलाई संस्थागत गर्दै सामाजिक विकासको एउटा प्रमुख अङ्गको रूपमा विकसीत गर्दै नयाँ सोच, बिचार र कार्यक्रमका साथ अगाडि बढ्नु जरुरी देखिएको छ ।

विगतका वर्षहरूमा झैं यस वर्ष पनि संस्थाले आफ्नो आन्तरिक, स्थानीय र बाह्य स्रोतहरूको परिचालन गर्दै कार्यक्रमहरूलाई अगाडि बढाउने छ । आन्तरिक रूपमा परिमार्जन र परिस्कृत हुँदै समय सापेक्ष रुपमा अगाडि बढ्न संस्था हमेसा तयार रहनेछ ।

## अनुसरणीय रणनीती (Coping Strategy)

देशको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै आ.व. २०७०/०७१ मा निम्नानुसारको रणनीति अपनाई काम गरिने छ :

- लोकतान्त्रिक मूल्य र मान्यताको सिद्धान्त अवलम्बन गर्दै अधिकारवालाको पक्षमा बकालत गर्ने ।
- नेपाल सरकारको गरिबी निवारण रणनीति पत्र **(PRSP)** लाई अनुसरण गर्ने ।
- चेतना सदन भित्रका तालीम केन्द्र, पुस्तकालय, खेलकुद स्थल आदिलाई व्यवस्थिते रुपमा विकास गर्दै अझ बढी सुविधा सम्पन बनाउँदै लैजाने ।
- कार्यमुलक कार्यतन्त्रको स्थापना, तथा सहभागितामा जोड दिने ।
- सामाजिक उत्तरदायित्वसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने र यससँग सम्बन्धित सञ्जालमा आवद्ध हुने ।
- विभिन्न उद्देश्यका सहकारी संस्था प्रबर्धन, विकास र विस्तार गर्न सहजीकरण गर्ने ।
- उद्यमशिलता तथा शिप विकास सम्बन्धि कार्यहरू गदै रोजगार विस्तारमा योगदान गर्ने ।
- बाल अधिकार तथा बालमैत्री स्थानीय साशन प्रबर्द्धनमा जोड दिने ।
- नेपाल सरकारका सरसफाइ गुरुयोजना अनुसारका कार्य गर्न सक्दो योगदान गर्ने ।
- जन सहभागिता र समावेशीकरणमा बढी जोड दिने ।
- सु-साशन, पारदर्शिता, सहभागिता, जवाफदेहिता र मितव्ययितालाई जोड दिने ।
- शान्ति प्रबर्धनका लागि पुनःनिर्माण र पुनर्स्थापना सम्बन्धी कार्य गर्ने ।
- दिगो आर्थिक विकासको आधारका लागि लघुवित्त संस्था र सीपमूलक योजना प्रबर्धन तथा सञ्चालन गर्ने ।
- स्थानीय समुदायसंग छलफलगरी स्थानीय आवस्यकताका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## संस्थागत विकास कार्यनीति ( institutional development Strategies):

- उपलब्ध जनशक्तिको क्षमता अभिबृद्धि तथा दक्ष जनशक्तिको खोजी/पहिचान, परिचालन र व्यवस्थापन ।
- विषयगत कार्यक्षेत्रको आधारमा नयाँ जनशक्ति विकास ।
- व्यवस्थित सूचना प्रणालीको विकास (सदस्य र अन्य सरोकारवालाहरू बीच व्यवस्थित सूचना प्रणालीको विकास र कार्यान्वयन ।
- संस्थागत आय आर्जन तथा स्थानीय तहमा कोष बृद्धि क्रियकलाप (Fund raising activities- (sponsorship, investment, cultural program etc.) सञ्चालन गर्ने ।
- संस्थामा काम गरेर अन्यत्र गएका कर्मचारी तथा सदस्यहरूलाई सम्पर्कमा राखी राख्ने साथै सूचनाको आदान प्रदान गर्ने ।
- कार्यालयका काम गर्ने कोठा वा स्थान सुविधाजनक बनाउने ।
- सदस्यलाई परिचालन/सकृय पार्ने नीति कार्यान्वयन गर्ने ।
- हरेक सदस्यले बार्षिक कम्तिमा ५ दिन योगदान अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्थालाई व्यवाहरमा ल्याउने । संस्थामा उपस्थित भई परामर्श सेवा र भौतिक सेवा दिन नसक्ने सदस्यहरूद्वारा नगद योगदान पुऱ्याउने पर्ने ।

यसरी नै यस वर्ष विजय विकास स्रोत केन्द्रले निम्नानुसारका लक्षित वर्गमा कार्यक्रमहरू कार्यान्वयन गर्ने छ ।

## लक्षित अधिकारवाला/साझेदारहरू (Right Holders/partners)

- गरिबीको रेखामुनिका जनता ।
- प्राकृतिक प्रकोप पीडित ।
- दलित/जनजाती ।
- हिंसा, द्वन्द्व पीडित ।
- महिला ।
- बालबालिका ।
- अपाङ्ग ।
- आवाज विहिन (Voice less) समुदाय ।
- आधारभूत अधिकारबाट वञ्चितिमा परेका समुदाय ।

- एच.आई.भी. र एड्स संक्रमितहरू (PLWHA)।

**क्षेत्रगत बिषयहरु (Theme):**

१. सामुदायिक पूर्वाधार पुनर्निर्माण, पुनर्स्थापना र पुनर्एकिकरण (Re-construction, Re-habilitation and Re-integration)
२. सामाजिक सदभाव (Social harmony) र शान्ति प्रवर्द्धन (Peace building)
३. खाद्य सम्प्रभुता
४. शिक्षा
५. स्वास्थ्य सरसफाई, एच आइ भी र एड्स
६. आर्थिक सक्षमता (सहकारी, लघु वित्त र लघु उद्यम आदि)
७. जलवायु परिबर्तन (Climate Change)
८. सुशासन
९. संरक्षण (महिला अधिकार, जेष्ठ नागरिक, अपांगता एवम् बाल संरक्षण)

(प्रत्येक Theme को लागि Theme focul peron ले Theme paper तयार गर्ने )

**अन्तर क्षेत्रगत बिषयहरु (cross cutting issues):**

- सामाजिक तथा लैंगिक समावेशीकरण
- वातावरणीय प्रभाव
- आपत्कालिन अवस्थामा सहयोग

**क. नियमित कार्यक्रम/क्रियाकलापहरू**

१. विभिन्न संघ/संस्था/दातृ संस्थासंग भेटघाट, छलफल, बैठक सम्पर्क समन्वय गर्ने ।
२. कर्मचारी, कार्यसमिति बीच बैठक, अर्न्तक्रिया तथा समीक्षा गर्ने ।
३. संस्था एवम् सदस्यता नवीकरण गर्ने (सदस्यता नवीकरण गर्दा योगदानको उल्लेख गर्ने परिपाटीको थालनी गर्ने) ।
४. साधारणसभा, अधिवेशन एवम् वार्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
५. अन्तिम तथा आन्तरीक लेखापरीक्षण कार्य गर्ने, बार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।
६. संस्थालाई आवश्यक नीति-नियम आवश्यकता अनुसार परिमार्जन तथा तयार गरी लागु गर्ने ।
७. वर्षका उत्कृष्ठ कर्मचारी १ जना, उत्कृष्ठ सदस्य १ जना र कार्य समितिबाट विशेष योगदान पुऱ्याउने १ जना गरी जम्मा ३ जनालाई पुरस्कृत गर्ने ।
८. संस्थाले सम्पादन गरेका सम्पूर्ण कार्य, कर्मचारी एवम् सम्पत्तीहरूको नियमित अनुगमन, मूल्याङ्कन र संरक्षण प्रदान गर्ने ।
९. निरन्तर सञ्चालन हुने कृयाकलापहरूलाई प्रभावकारी बनाउदै र कार्यदक्षता बढाउदै जाने ।
१०. संस्थाका कर्मचारी र साधारण सभामा उपस्थित हुने सदस्य एवम् कार्य समितिका पदाधिकारीहरूको दुर्घटना बीमा गर्ने र भवन तथा सवारी साधन तथा विद्युतीय उपकरणहरूको बीमा गर्ने ।
११. संस्थालाई आवश्यक पर्ने अफिस फर्निचर, अफिस सामान आवश्यकता अनुसार खरिद गर्ने र काम नलाग्ने सामानहरुको बिक्री तथा अपलेखन गर्दै जाने ।
१२. कार्य समिति र सल्लाहकार समितिको संयुक्त बैठक बस्ने ।
१३. संस्थाका सदस्यहरूको समुह इमेल मार्फत उनिहरुलाई सु-सुचित गर्ने र सूचनाको आदान प्रदान गर्ने कार्यलाई अझ व्यवस्थित गर्ने ।
१४. संस्थाका गतिविधिहरूको बारेमा जानकारी दिने तथा सदस्यहरूबाट आवश्यक सुझाव सल्लाह एवम् प्रतिकृया लिने उद्देश्यले वर्षमा २ पटक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
१५. कार्यक्रमहरुको प्रचार प्रसार र स्थानीय स्तरमा कार्यक्रमका आवस्यकता निर्धारण गर्न समुदाय संग छलफल कार्यक्रम राख्ने ।
१६. यस वर्ष कम्तीमा २ पटक बिजय परिवारसंग बैठकको आयोजना गरी सस्थागत बिकासका रणनितीहरु तयार गर्ने
१७. सदस्यता परिचलन कार्यबिधी संसोधन सहित परिचालन गर्ने ।

**ख. विशेष कार्यक्रम**

१. लोकतान्त्रिक संविधान निर्माणका लागि सरोकारवालाहरूसँग सहकार्य गर्ने ।
२. कर्मचारी तथा सदस्यहरूको क्षमता अभिबृद्धिगर्नका लागि उनीहरुको इच्छा संकलन गर्ने र विभिन्न तालिम, भ्रमण कार्यक्रमहरू आयोजना गर्ने ।
३. आफ्नो काम विशेषले नेपाल बाहिर रहेका सदस्यहरूलाई संस्थाका कार्यक्रममा संलग्न गराउने नीति अनुसार सदस्य परिचालन गर्ने ।
४. संस्थाद्वारा प्रवर्धन गरिएको विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि., विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. र विजय लघु वित्त वित्तीय संस्था लि. मा आवश्यकता र क्षमता अनुसार थप शेयर लगानी गर्ने ।
५. तालिम केन्द्रलाई थप व्यवस्थित गर्दै जाने ।
६. विजय विकास स्रोत केन्द्र र यसद्वारा प्रबर्धित संस्थाहरूको साझा प्रयास स्वरुप स्थापित विजय परिवार (Vijaya Group of Institutions) का कार्यक्रमहरुलाइ निरन्तरता दिदै आपसी समन्वयद्वारा बढी प्रतिफल प्राप्त गर्ने र भाइचाराको सम्बन्ध बलियो पार्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
८. यस बर्ष १ जना Trainnee officer / internship राख्ने ।
९. सस्थाका सदस्य तथा कार्यसमितीका पदाधिकारीहरुको स्वास्थ्य बिमा गर्नका लागि प्रोत्साहन गर्ने ।
१०. बाल शिक्षा कार्यक्रमका लागि नियमीत श्रोतको खोजि गरी नियमित रुपमा कार्यक्रम सञ्चालन गर्ने ।
११ गरिवी मुक्त गैंडाकोट कार्यक्रमलाई योजना बद्ध तरीकाले कार्यान्वयनमा लैजाने ।
१२. यस बर्ष सस्थाका गतिबिधीकरुलाई चुस्त दुरुस्त रुपमा सञ्चालन एउटा सवारी साधन जिप खरीद
१२. बिभिन्न उप समितहरु गठन गरि स्रोत बिकास र परिचालन, महिला सहभागीता अभिबृद्धि, युवा परिचालन, ब्यवसायीक अवसरको खोजि र प्रवर्धन आदि कार्यहरु गर्ने ।
१३. सुचनाको हक प्रबर्धनकालगि सुचना सहायता केन्द्र सञ्चालन गर्ने ।

**ग. संस्थाको स्रोत विकास कार्यक्रम तर्फ**

१. चेतना सदनलाई अझै सुविधा सम्पन्न बनाई व्यवसायिक कार्यक्रमको रुपमा विकास गर्ने । (पुस्तकालय र तालिम हल बीचमा मोजाईक टायल लगाउने, आकस्मीक गेटको निर्माण गर्ने, तारवार लाई अझ मजबुद गर्ने, बिरुवाहरु काटछाट गर्ने भित्री ग्राउण्ड आर्कषक र सुरक्षीत गराउने) ।
२. बाह्य क्षेत्रमा तालिम, परामर्श सेवा, अनुगमन जस्ता कार्यक्रममा संस्थाको मानवीय स्रोत परिचालन गर्ने ।
३. टेलिफोन, ई मेल इन्टरनेट, फोटोकपी, कम्प्यूटर, स्टेशनरी सेवालाई स-शुल्क नियमित रुपमा उपलब्ध गराउने । VDRC र यसद्वारा प्रबर्धित संस्थाबाट उत्पादित सामग्रीको प्रदर्शनी बिक्री कक्षलाई अझ व्यवस्थित गर्ने ।
४. बिजय युवा पुस्तकालयलाई थप ब्यवसथित गर्ने ।
५. परियोजनागत कर्मचारी तथा स्रोत व्यक्तीहरुको पारिश्रमीकबाट ५% संस्थागत योगदान तथा अन्य थप योगदानहरू सङ्कलन गर्ने ।
६. बिषयगत तालिमको Trainig content and mannual तयारी, परिमार्जन तथा विकास गरी विभिन्न विषयका अलग-अलग तालिम स्रोत पुस्तिका ( Social Accountabilyty and CFLG) तयार गर्ने ।
७. तालिम प्याकेज तयार गरी २ बटा तालिम कार्यान्वयन/सञ्चालन गर्ने ।
८. समुन्नति थलो, सामुहिक अभियान र अन्य संस्थासँग सहकार्य गरी थप तालीम सञ्चालन गर्ने ।

**घ. साझेदारी कार्यक्रम तर्फ**

१. विजय विकास स्रोत केन्द्रले गर्दै आएको कामलाई अझ परिमार्जन गर्दै मानव अधिकारमुखी विकास (Human Right Base Approach, Advocacy and Networking) र सामाजिक उत्तरदयित्व (Social Accountability) काक्षेत्रमा काम गर्ने । साथै सामाजिक न्याय र अधिकारमुखी विकासलाई हरेक क्षेत्रमा समाहित गर्दै लैजाने ।
२. नयाँ सम्झौताहरू गरी साझेदारी कार्यक्रमहरूको विस्तार गर्ने ।
३. नवलपरासी जिल्लामा सञ्चालित सहभागितात्मक लोकतान्त्रिक पहल कार्यक्रम लाइ निरन्तरता दिने ।
४. बालमैत्री स्थानीय शासन कार्यक्रममा सामाजिक परिचालन तथा क्षमता अभिबृद्धिको कार्यलाई निरन्तरता दिने । बालमैत्री स्थानीय शासन प्रबर्धनमा सहयोग पुऱ्याउने ।
५. नवलपरासीका विद्यालयहरूमा पुस्तकालय स्थापना र पठन सीप विकास कार्यक्रमलाई निरन्तरता दिने । नवलपरासी जिल्लामा थप ३० वटा पुस्तकालयहरू स्थापना गर्ने तथा ४० वटा विद्यालयहरूमा पठन सीप विकास कार्यक्रमलाई निरन्तरता दिने साथै चितवन जिल्लामा २० वटा पुस्तकालयमा विद्यालय पुस्तकालय कार्यक्रम बिस्तारका लागि रुम टु रीड संग आवस्यक पहल गर्ने ।

६. नवलपरासी जिल्लामा जिल्ला विकास समितिको साझेदारीमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) लाई निरन्तरता दिन पहल गर्ने ।

७. उद्देश्य, भावना र सिद्धान्त मिल्ने अन्य संस्थाहरू संगको सहभागितामा (consurtium model) काम गर्ने ।

८. नेपाल सरकार र सम्बन्धित निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

९. यस संस्थाद्वारा प्रबद्धित विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.(विजय एफ.एम.१०१.६), विजय सामुदायिक शिक्षा सहकारी संस्था लि. (विजय सामुदायिक शिक्षा सदन) सँगको साझेदारीमा सीप विकास, सचेतना र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसरहरूको अभिबृद्धिमा सहयोग गर्ने ।

१०. विजय लघु वित्त वित्तीय संस्थाको बिकास र बिस्तारका लागि सहयोगि संस्थाको रूपमा सकृय भूमिका निर्वाह गर्ने ।

११. सामाजिक उत्तरदायित्व तथा शुसाशन प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ।

१२. गोरखा तथा तनहु जिल्लामा खानेपानी तथा सरसफाइ योजनाको निर्माण पश्चातको अनुगमन कार्यलाई निरन्तरता दिने ।

१३. मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा बालमैत्रि स्थानीय शासन कार्यक्रको क्षमता बिकास कार्यक्रम सञ्चालन गर्ने ।

१४. सम्भाव्यता अध्यन गरी बृक्षारोपण क्षेत्रमा लघुउद्यम प्रर्वर्धन योजना सञ्चालन गर्ने ।

१५. विविध क्षेत्र, बहुआयामीक कार्यक्रम जस्तैः महिला/बालबालिका, पिछडिएका दलित/जनजाती, वातावरण संरक्षण, उद्यमशिलता प्रबर्धन, गरिबी निवारण, बजारीकरण, सामुदायिक भौतिक पूर्वाधार निर्माण, लघु वित्त कार्यक्रम, अधिकार संरक्षण, स्थानीय संघ/संस्था तथा उपभोक्ता समूहहरूको क्षमता अभिबृद्धि, सु-शासन, द्वन्द रुपान्तरण जस्ता क्षेत्रमा आफ्ना अनुभवलाई हातेमालो गर्दै कार्यान्वयनमा जाने ।

१६. सुचनाको हकका क्षेत्रमा कन्सोटीयम मोडलमा काम गर्ने ।

## ङ. प्रबर्धनात्मक र कल्याणकारी कार्यक्रम

### १. प्रबर्धनात्मक :

- पुस्तकालयको उचित व्यवस्थापनकालागि पुस्तकहरू थप गरी पुस्तकालयलाई व्यवस्थित एवम् विकास गर्दै लैजाने ।
- संस्थाले गरेका विभिन्न कार्यक्रम तथा अनुभवहरूको दस्तावेजीकरण गर्ने साथै भए गरेका सफलताका उत्प्रेरक विषयहरूलाई सामुदायिक रेडियोबाट प्रचार प्रसार गर्दै जाने । यस बर्ष सस्थाले बिगत र वर्तमानमा गरेका कामलाई समेटी डकुमेन्ट्री तयार गर्ने ।
- परिकल्पना र लक्ष्य मिल्ने संस्थाहरूद्वारा निर्मित कार्यतन्त्रमा समावेश हुने साथै विभिन्न संघ/संस्थाहरूसँग हातेमालो गरी सचेतना, वकालत र दवावको रुपमा पम्प्लेटिङ्ग, पोष्टरिङ्ग, गोष्ठी, अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक संस्था प्रबर्धन तथा क्षमता अभिबृद्धिका लागि सहयोग पुऱ्याउने (सहकारी, स्थानीय गैसस र समूहहरू) ।
- स्थानीय बाल क्लवहरुको गठन र संस्थागत बिकासको निमित्त सहयोग पुर्‍याउने ।
- विकु बचत तथा ऋण सहकारी संस्था लिमीटेड तथा बिजय परिवारको सहकार्यमा उपभोक्ता सहकारी सञ्चालन गर्नको लागि आवस्यक अध्ययन गरी सञ्चालनमा सहकार्य गर्ने ।
- बिजय बिकास स्रोत केन्द्रको सामाजिक परिचालन निर्देशिका तयार गर्ने ।

### २. कल्याणकारी कार्यक्रम :

- विद्यालय सहयोग कार्यक्रम अन्तर्गत गरिब, जेहेन्दार तथा दलित जनजातिका छात्र छात्राहरूलाई छात्रवृत्तीको व्यवस्था गर्ने ।
- यस संस्थाद्वारा स्थापित प्राकृतिक प्रकोप राहतकोषबाट प्रकोप (बाडिपिडित, पहिरो पिडित, भूकम्प पिडित, आगलागि, माहामारी) आदि क्षेत्रमा संस्थाको तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने । यसका लागि एक व्यक्ति एक दिनको पारिश्रमिक सङ्कलन गरी कोषमा राख्ने ।
- सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत एम्बुलेन्स सेवालाई निरन्तरता दिने ।
- विशेष अवस्था सिर्जना भएको महसुस भएमा रक्तदान, स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।
- जनसरोकार चासोका विभिन्न विषयहरूमा प्रचार प्रसार गरी स्थानीय समुदायलाई स-शक्तीकरण गर्ने ।
- गैंडाकोट गाविसलाई खुल्ला दिशामुक्त क्षेत्र बनाउनमा सहयोग गर्ने/अभियानमा सहभागी हुने ।

- गैंडाकोट गाविसलाई प्रस्तावित सहकारी गाविस निर्माणको लागि स्थानीय तथा राष्ट्रिय स्तरका सम्बद्ध पक्षसँग सहकार्य गरी सहकारी गाविस निर्माणको लागि पहल गर्ने ।
- खेलकुद कार्यक्रम, हाजिरीजवाफ वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने, आयोजना गर्ने संघ संस्थालाई सहयोग गर्ने र आफुले पनि भाग लिने ।
- समय परिस्थिति अनुसार आवश्यक देखिएका अन्य विभिन्न कल्याणकारी कार्यक्रमको आयोजना गरी सञ्चालन गर्ने । यस्ता कार्यक्रमहरूमा स्वयंसेवक एवम् सदस्य परिचालन गर्ने ।
- अधिकारमुखी विकास, विकास प्रकृया र नागरीकको भूमिकाको बारेमा स्थानीय समुदायलाई सु-सूचित गर्न रेडियो कार्यक्रम तयार गरी प्रसारण गर्ने ।
- हरित वाटिका/बृक्षा रोपण क्षेत्रमा आवश्यक छटनी तथा तारवार गरी वृक्षारोपण गर्ने । यस क्षेत्रमा वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय युवाहरूको विकास तथा समुदायप्रति जिम्मेवारी बोध गराउन युवाहरूलाई सहयोग गर्ने कार्यक्रम तयार गरी सञ्चालन गर्ने ।
- कार्यक्रमलाई ब्यवस्थीत गर्न यस बर्ष बिजय युवा समुह, बिजय महिला समुह, बिजय उद्यम समुह गठन गरी बिभिन्न खालका अन्तरक्रिया कार्यक्रम, दुव्यशनी बिरुद्ध र्‍याली जुलुस, खेलकुदका योजना, करेशावारीका योजना, स्वस्थ्य र सरसफाईका योजना सञ्चालन गर्ने ।
- भुमी अधिकार मञ्चले सञ्चालन गर्ने गरीबि न्युनिकारणको कार्यक्रममा सहयोग गर्ने ।

## ` आर्थिक प्रगति प्रतिवेदन (आ.व.२०६९/७०)
## एवम्
## प्रस्तावित आर्थिक कार्यक्रम (आ.व.२०७०/७१)

— गंगाधर सापकोटा
कोषाध्यक्ष

विजय विकास स्रोत केन्द्रको २८ औं साधारण सभा तथा १८औ अधिवेशन कार्यक्रमका अध्यक्ष महोदय, भू.पू. अध्यक्षज्यूहरू, कार्य समितिका पदाधिकारीज्यूहरू, श्रद्धेय सदस्यज्यूहरू, आजीवन सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू तथा सह-सदस्यज्यूहरू ।

विजय विकास स्रोत केन्द्रको यस गरिमामय २८ औं साधारणसभामा गत बर्षको आर्थिक प्रतिवेदन तथा आगामी बर्षको अनुमानित आर्थिक विवरण प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवधिमा यहाँहरूले संस्थागत विकासमा पुर्‍याएको योगदानप्रति आभार व्यक्त गर्दछु । समयानुकुल कार्य कुशलता र कार्य दक्षता वृद्धि गर्न लागि परिरहेको अवस्थामा तपाईहरूका साम् गत वर्षको तुलनात्मक आर्थिक स्थिति एवम् आउँदो आ.व.को अनुमानित बजेट प्रस्तुत गर्न गइरहेको व्यहोरा अनुरोध गर्दछु ।

आर्थिक बर्ष २०६९/२०७०को तुलनात्मक एवं २०७०/२०७१ को अनुमानित आम्दानी तथा खर्च बिवरण

### आन्तरीक आम्दानी बिवरण